# गौमुखी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

२०७३

पत्र संख्याः २०८३/०८४
चलानी नं:

पुजा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

**नदीजन्य ढुङ्गा, गिट्टी, ग्रावेल वालुवा सङ्कलन तथा विक्री सम्वन्धी सूचना !**

**प्रथम पटक प्रकाशित सूचना नं. १**

**सिलवन्दी दरभाउपत्र आव्हानको सूचना मिति -२०८३/०६/१६**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को घ (६), लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन, २०७८ को दफा ९ (१) को अनुसूची ६, ढुङ्गा, गिट्टी, वालुवा सङकलन , बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ र यस गौमुखि गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३/०६/१३ गतेको निर्णय बमोजिम आ.व.२०८३/८४ का लागि देहाय बमोजिमको ठेक्का वन्दोवस्त गर्नु पर्ने भएकोले गाउँ कार्यपालिकाबाट तोकिएको दररेटमा गौमुखि गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लिखित परिमाण मध्ये देहायको परिमाणको ढुङ्गा, गिट्टी, र वालुवा आदि नदीजन्य पदार्थको संकलन तथा विक्री करहरुको असुली सम्बन्धी कार्य गर्नको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्म दर्ताको नबिकरण सहितको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०८२/८३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| ठेक्का नं. | संकलन तथा विक्रि क्षेत्र | संकलन तथा विक्रि परिमाण | विक्री शुल्क रु प्रति क्यूब फिट(मू.अ. कर बाहेक) | न्यूनतम ठेक्का अंक (मू.अ.कर बाहेक) | धरौटी रकम |
|---|---|---|---|---|---|
| 1-GRM-SQ-G-2083/084 | पातिहाल्ना क्षेत्र छहरेखोला क्षेत्र | १,२९,०८१.१७क्यू फिट | रु. ८ | रु.१०,३२,६४९.३६ | मू.अ.कर सहित कबोल अंङ्कको ५%ले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको वैंक जमानत |
| 2-GRM-SQ-G-2083/084 | आगावेशी क्षेत्र हार्जाखोला क्षेत्र | ४८,२८२.४४ क्यू फिट | रु.८ | रु.३,८६,२५९.५२ | मू.अ.कर सहित कबोल अंङ्कको ५%ले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको वैंक जमानत |

प्रमुख प्रशासकीय अधिकृत

शर्तहरु

१ दरभाउपत्र फाराम खरिद गर्न सूचना प्रकाशित भएको मितिले ७ औं दिनसम्म कार्यालय समयभित्र रु १००० (पछि फिर्ता नहुने गरी) बुझाई उल्लिखित समयभित्र यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिने छ ।

२ सिलवन्दी दरभाउ पत्र फाराम जसको नाममा खरिद गरिएको हो सोही व्यक्ति वा फर्मको नामवाट यस गाँउपालिकाको नाममा सम्वोधन गरी सिलवन्दी दरभाउपत्र फाराम पेश गर्नेको नाम, ठेगाना र फोन नं. उल्लेख गरी सही छाप गरी सिलवन्दी लाहाछाप लगाई खामको वाहिर कामको विवरण, ठेक्का सूचना नं. समेत उल्लेख गरी सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सो समयभित्र दर्ता हुन आएका सिलवन्दी दरभाउपत्रहरु दर्ता गर्ने अन्तिम मितिका दिन दिनको १:०० बजेपछि सिलवन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिने छ । सो समयमा दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन।

३ सिलवन्दी दरभाउ पत्र फाराममा दरभाउपत्रदाताले कबोल गरेको कुल कवोल अंकको (मूल्य अभिवृद्धि कर सहित) ५ प्रतिशत धरौटी रकम गौमुखि गाउँपालिकाको कार्यालयको नाममा रहेको नेपाल एस विआई बैक ठुलाबेशी शाखामा रहेको गौमुखि धरौटी खाता नं. ४१४२५२४०६०००१३ मा नगदै जम्मा गरेको सक्कलै वैंक भौचरको दोश्रो प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ ( पचहत्तर ) दिन म्याद भएको विड वण्डको सक्कलै प्रति पेश गर्नु पर्नेछ । धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी रकम जम्मा गर्ने व्यक्ति/फर्मको नाम स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

४ दरभाउपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ । टिपेक्स लगाई वा पेन्सिलले लेखेकोलाई मान्य दिइने छैन ।

५ ठेक्काको स्वीकृत पश्चात तोकिएको समयभित्र सम्झौता गर्न आउदा कार्य सम्पादन जमानत नगद वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारि गरिएको कार्य सम्पादन जमानत लिई प्रथम किस्ता बापत मू.अ.कर सहित ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता वापत मू.अ.कर सहित ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र वैंकबाट ईजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा १ वर्षसम्म म्याद सहित जारी गरीएको बैंक जमानत समेत पेश गरी पट्टा लिनु पर्नेछ ।

६ साथै शिलवन्दी दरभाउपत्र कवोल गर्ने व्यक्ति वा फर्मले आफुले कवोल गरेको अंक सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ % भ्याट समेत यस कार्यालयमा बुझाउनुपर्ने छ। साथै नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

७ सिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि सूचना पाएको मितिले ७ (सात) दिनभित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्ने छ। मनासिब कारण बाहेक सो अवधिभित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमानुसार रितपूर्वकको सिलवन्दी दरभाउपत्रलाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिने छ।

८ ठेक्का संचालनको सिलसिलामा संघीय सरकार,प्रदेश सरकार र स्थानीय सरकारलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

९ गौमुखि गाउँपालिकाको कार्यालयलाई रकम बुझाउनु पर्ने बाँकी वक्यौता भएका व्यक्ति वा फर्महरुको सिलवन्दी दरभाउपत्र स्वीकृत गरिने छैन ।

नि. प्रमुख प्रशासकीय अधिकृत

१० ठेक्का सम्झौता अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट बैंक जमानत जफत गरिने छ ।

११ ठेक्का अवधि सम्झौता भएको मितिदेखि २०८४ साल जेष्ठ मसान्तसम्म हुनेछ।

१२ सिलवन्दी दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ ।

१३ जिल्ला अनुगमन तथा समन्वय समिति र गौमुखि गाउँपालिकाले अनुमगन गर्दा कानून तथा मापदण्ड वमोजिम कार्य गरेको नपाईएमा तत्काल कानून वमोजिम कारवाही गरिने छ ।

१४ माथि उल्लिखित सर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ र ठेक्काका अन्य सर्तहरु स्थानीय सरकार संचालन ऐन, २०७४ सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ ढुङ्गा, गिट्टी, वालुवा ग्रावेल उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ तथा गौमुखि गाउँ कार्यपालिकाको निर्णयानुसार सम्झौताका बखतमा निर्धारित हुनेछन् ।

१५ अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा गौमुखि गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत